नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## <u>संयुक्त निरीक्षण अनुगमन सम्बन्धी विवरण</u>

**मितिः २०८३/०६/२४**

आज मिति २०८३।०६।२४ गते यस विभागमा फोन मार्फत प्राप्त भएका उजुरी गुनासो संबोधन गर्न विभागको **Rapid Response Team (RRT)** ले आजै तात्काल काठमाडौं म.न.पा.-०३, महाराजगंज स्थित **मन्त्र थकाली** को अनुगमन निरीक्षण गर्ने क्रममा उजुरी गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण बिभाग सहितको संयुक्त अनुगमन टोलीले अनुगमन निरीक्षण गरि तालिकामा उल्लेख गरिए अनुसारको कार्यबाही गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

| **सि.नं.** | **उजुरी सम्बन्धि विवरण** | **खाद्य व्यवसायको विवरण** | **अनुगमन गर्दाको अवस्था/ कैफियत** | **निर्देशन / कारबाही** |
|---|---|---|---|---|
| १. | फोन मार्फत मिति २०८३/०६/२४ गते खानामा किरा परेको उजुरी प्राप्त भएको | ग्रिन तारा हस्पिटालिटी प्रा.लि., काठमाडौं म.न.पा.-०३, महाराजगंज **(मन्त्र थकाली भनेर चिनिने)** | • भान्सा कोठाको सरसफाई सन्तोषजनक नपाइएको<br>• पकाइएको खाद्य पदार्थ नछोपी भण्डारण गरेको<br>• फ्रीज तथा भान्सा कोठामा किटजन्य पदार्थ (सांग्ला, भुसुना) देखिएको<br>• किचनमा ड्रेनेजको सरसफाई सन्तोषजनक नरहेको<br>• फ्रिजमा खाद्य वस्तुको अव्यवस्थित भण्डारण गरेको<br>• भान्सा कोठाको डस्टबिन खुला तथा फोहोर रहेको<br>• फ्राईड आलु मसीजन्य कागज (पत्रिका) मा भण्डारण गरेको<br>• **खानामा किरा पर्ने सम्भावना देखिएको** | • **संयुक्त अनुगमन को क्रममा त्यस व्यवसायमा गम्भिर कैफियत पाइएकोले उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रु. २,५०,०००/- जरिवाना गरिएको,**<br>• पकाएको खाद्य पदार्थ राम्ररी छोपेर भण्डारण गर्ने,<br>• किट नियन्त्रणको व्यवस्था थप प्रभावकारी बनाउने,<br>• सरसफाईमा विशेष ध्यान दिने,<br>• खाद्य पदार्थ राख्न मसिजन्य कागज (पत्रिका) को प्रयोग नगर्ने,<br>• फ्रिज तथा भान्साकोठाको भण्डारण व्यवस्थित गरी खाद्य स्वच्छता कायम राख्ने,<br>• पत्रिकामा भण्डारण गरिएको फ्राइड आलु करिब १ किलो नष्ट गरिएको,<br>• **अनुगमनको क्रममा देखिएका कैफियतहरु निर्देशन बमोजिम सुधार गरी ७ दिन भित्र सुधारको प्रमाण सहित विभागमा उपस्थित हुन निर्देशन दिएको अन्यथा, प्रचलित खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम थप कारबाही हुने ।** |

<u>अनुगमनका केही झलकहरु</u>



